स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"मिरुना मगर खोइ?" "कबड्डी ४"मा शीर्ष भूमिकामा रहेकी अभिनेत्री मिरुना मगर "कबड्डी ५: आफ्टर द फाइनल म्याच"को टिजरमा देखिइनन्। टिजर सार्वजनिक भएपछि युट्युबको कमेन्टमा दर्शकले सोध्न थाले,- "मिरुना मगर खोइ?" निर्माण टिमले मिरुनालाई नदेखाई टिजर सार्वजनिक गरेको थियो। त्यसअघि सार्वजनिक पोस्टरमा पनि उनी देखिएकी थिइनन्। त्यसैले "कबड्डी" सिरिजको पाँचौं भागमा मिरुनाको उपस्थितिलाई लिएर दर्शकमा कौतुहलता थियो।

**आजको विचार...**



रविप्रसाद बराल

परीक्षाभन्दा...

(दुई पेजमा)



अनमोल केसी र प्रिन्सी खतिवडा अभिनीत फिल्म "बाटुलो जून"को टिजर युट्युब ट्रेन्डिङको शीर्ष स्थानमा पुगेको छ। शुक्रबार सार्वजनिक भएको टिजर तीन दिनमै युट्युब चार्टसमा फिल्म विधाअन्तर्गत नेपालमा पहिलो नम्बरमा पुगेको हो। नेपालसहित एक दर्जनभन्दा बढी देशमा समेत टिजर ट्रेन्डिङमा रहेको निर्माण पक्षले जनाएको छ। सोमबार दिउँसोसम्म टिजरलाई युट्युबमा साढे ६ लाखभन्दा बढीपटक हेरिएको छ। भुवन केसी निर्देशित "बाटुलो जून" ले पुरानो समयको प्रेमकथा प्रस्तुत गर्छ।

❐ वर्ष ३२ ❐ अंक ८२ ❐ २०८३ असोज २१ गते बुधबार 7 October 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सैन्य विमान दुर्घटनामा ३२ जनाको मृत्यु

**एजेन्सी**

**काठमाडौं,** असोज २०/नाइजेरियाका राष्ट्रपति बोला टिनुबुले सोमबार देशको दक्षिणपश्चिमी ओन्डो राज्यमा भएको सैन्य विमान दुर्घटनामा विमानमा सवार ३२ जनाको निधन भएको पुष्टि गरेका छन् । उड्डयन तथा एरोस्पेस विकासमन्त्री फेस्टस केयामोका अनुसार २५ जना यात्रु र सात जना चालक दलका सदस्य सवार रहेको उक्त सैन्य विमान ओन्डो राज्यको नदी किनारमा अवस्थित इग्बोकाडा समुदायको नौसैनिक आधार नजिक दुर्घटनाग्रस्त भएको हो । राष्ट्रपति टिनुबुले जारी गरेको छुट्टै विज्ञप्तिमा यो सशस्त्र बल तथा सम्पूर्ण राष्ट्रका लागि अत्यन्तै दुःखद् क्षण भएको बताए । उनले दुर्घटनामा ज्यान गुमाएका वायुसेनाका सदस्यहरूको बलिदान कहिल्यै बिर्सन नसकिने उल्लेख गरे । नाइजेरियाली वायुसेनाका अनुसार सुरुमा हेलिकोप्टर भएको अनुमान गरिएको उक्त विमान दुई इन्जिनयुक्त टर्बोप्रप विमान रहेको पुष्टि भएको छ । उक्त विमान दक्षिणी नाइजेरियाको बेनिन सहरबाट लागोसतर्फ नियमित उडानमा रहेका बेला दुर्घटनामा परेको हो । राष्ट्रपति टिनुबुले दुर्घटनापछि तत्काल खोज तथा उद्धार अभियान सञ्चालन गरेकोमा वायुसेनाको प्रशंसा गरे ।

# तानसेनमा 'लुम्बिनी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' हुँदै

## २६ चलचित्र प्रदर्शन, ५ हजारभन्दा बढी दर्शक आउने अपेक्षा

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज २०/ जिल्लाको तानसेनमा 'लुम्बिनी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०८३' हुने भएको छ । अमूल्य सम्पदा, ऐतिहासिक पहिचान र स्थानीय संस्कृतिलाई चलचित्रमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले यही असोज २२ देखि २४ गतेसम्म महोत्सव हुन लागेको हो ।

तानसेन नगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धन तथा कथा मण्डला, काठमाडौं र सञ्चार मञ्च पाल्पाको संयुक्त आयोजनामा तानसेनस्थित सन्तोष चलचित्र मन्दिरमा महोत्सव हुने छ । महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजक पक्षले मंगलबार पत्रकार सम्मेलनमार्फत जनाएको छ । महोत्सवमा दर्शकले सबै चलचित्र निःशुल्क हेर्न पाउने आयोजकले जनाएको छ । महोत्सवमा बुद्ध जन्मस्थल लुम्बिनीका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रसँगै लुम्बिनी प्रदेशका विविध कला, संस्कृति, भाषा, भेषभूषा,




रहनसहन, जातीय पहिचान तथा खानपानलगायतका विषय समेटिएका नेपाली तथा अन्तर्राष्ट्रिय चलचित्र प्रदर्शन गरिनेछ । महोत्सवका संयोजक एवं कथा मण्डलाका संयोजक पाण्डव खत्रीले चलचित्रका माध्यमबाट लुम्बिनी प्रदेशको मौलिकता, संस्कृति र पर्यटकीय सम्भावनालाई विश्वसामु पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको बताए । सांस्कृतिक रूपमा समृद्ध तानसेनको भाषा, कला र सम्भावनालाई अन्तर्राष्ट्रिय जगतसामु उजागर गर्न महोत्सव महत्वपूर्ण हुने सञ्चार मञ्च पाल्पाका अध्यक्ष माधव अर्यालले बताए । उनका अनुसार स्थानीयस्तरबाट महोत्सवलाई पूर्ण सहयोग रहनेछ । आयोजकका अनुसार महोत्सव चलचित्र प्रदर्शनमा मात्र सीमित रहने छैन । लुम्बिनी प्रदेशका १२ वटै जिल्ला तथा पाल्पाको मौलिक संस्कृति, खानपान, भेषभूषा र पर्यटकीय स्थललाई चलचित्र छायाङ्कनको गन्तव्यका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्यसमेत महोत्सवले लिएको छ । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले चलचित्र छायाङ्कन र पर्यटन प्रवर्द्धनमार्फत यस्ता गतिविधिले पाल्पाको आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरे ।

**२६ चलचित्र प्रदर्शन गरिने**

तीन दिनसम्म चल्ने महोत्सवमा नेपालसहित विभिन्न देशका २६ वटा चलचित्र प्रदर्शन गरिने छन् । नेपाली फिचर कथानक चलचित्र, लघु कथानक चलचित्र तथा वृत्तचित्रसँगै अन्तर्राष्ट्रिय स्तरका फिचर र लघु चलचित्र महोत्सवमा समावेश गरिएका छन् । चलचित्र छनोटमा सामाजिक महत्व, मौलिक कथा, सांस्कृतिक पक्ष र कलात्मक गुणस्तरलाई मुख्य आधार बनाइएको आयोजकले जनाएको छ । चलचित्र प्रदर्शनपछि सम्बन्धित निर्देशक, निर्माता तथा कलाकारसँग दर्शकको प्रत्यक्ष संवादसमेत गराइनेछ । संवाद कार्यक्रमले दर्शकलाई चलचित्र निर्माण प्रक्रिया, विषयवस्तु तथा सिर्जनात्मक पक्षबारे जानकारी लिन सहयोग पुग्ने आयोजकको भनाइ छ । -बाँकी अन्तिम पेजमा...

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु



**चितवन,** असोज २०/ चितवनको रत्ननगर नगरपालिका-३ बेल्सीपुलस्थित सडकमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । रत्ननगर नगरपालिका-१ निवासी २० वर्षीय ओशिक अन्सारीको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

अन्सारीले चलाएको बा.प्र.०६००८ प ३५६३ नम्बरको मोटरसाइकललाई बा.प्र.०१-००३ क ८७२५ नम्बरको ट्रकले मंगलबार बिहान ठक्कर दिएको थियो । ट्रकको ठक्करबाट गम्भीर घाइते भएका अन्सारीलाई उपचारका लागि नयाँ मेडिकल कलेज, चितवन लगिएको थियो । उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि प्रहरीले ट्रक चालकलाई नियन्त्रणमा लिएको छ । दुर्घटनामा ट्रक चालकको लापरबाही वा अन्य कुनै कारण रहेको भन्ने विषयमा प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ ।

# भारतबाट दसैं मनाउन ५० हजारभन्दा बढी नेपाली फर्किए

**बाँके,** असोज २०/भारतबाट दसैं पर्व मनाउन पछिल्लो दिनमा नेपालगञ्जस्थित जमुनाह नाका हुँदै स्वदेश फर्किनेको भीड लागेको छ ।

दसैं पर्व नजिकिँदै गर्दा घर फर्किने नेपालीको संख्या दैनिक बढ्दो क्रममा रहेको इलाका प्रहरी कार्यालय जमुनाहा बाँकेका प्रमुख प्रहरी निरीक्षक राजनप्रसाद भट्टराईले जानकारी दिए । पछिल्लो पाँच दिनमा ५० हजारभन्दा बढी नेपाली दसैं मनाउन जमुनाहा नाका हुँदै घर फर्किएको उनले बताए । "अहिले बिहानदेखि साँझसम्मै दसैं मनाउन भारतबाट घर फर्किने नेपालीको लर्को लागिरहेको छ, प्रत्येक दिन १० हजारभन्दा बढी नागरिक जमुनाहा नाकाबाट आउने गरेका छन्", उनले भने, "सीमावर्ती क्षेत्रमा उनीहरूमाथि हुन सक्ने लुटपाटलगायतका आपराधिक घटना हुन नदिन नेपाल प्रहरीले आवश्यक समन्वय गर्दै आएको छ ।" भारतको नयाँ दिल्ली, मुम्बई र हिमाञ्चल प्रदेशका विभिन्न



सहरमा काम गरेर नेपाली दसैं पर्व मनाउन यतिबेला घर फर्किरहेका छन् । बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले भारतबाट चाडपर्व मनाउन घर फर्किने नेपाली नागरिक सीमावर्ती क्षेत्रमा लुटिने, ठगिने र अलपत्र पर्नेजस्ता घटना हुन नदिई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउन जमुनाहा नाकामा यात्रु सहायता कक्ष स्थापना गरिएको बताए । "नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर सम्भावित जोखिम पहिचान गरी सोहीअनुसार सुरक्षा योजना लागू गरेका छौं", उनले भने, "भारतबाट फर्किने नेपालीले बाटोमा ठगी, लुटपाटलगायतका समस्या भोग्न नपरोस् भनेर जमुनाहा नाकामै यात्रु सहायता कक्ष सञ्चालन गरिएको हो ।"

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# संसद्प्रतिको जनअपेक्षा

संसद् जनताको सार्वभौम अधिकारको प्रतिनिधित्व गर्ने सर्वोच्च लोकतान्त्रिक संस्था हो । जनताले आफ्ना प्रतिनिधिमार्फत देशको नीति, कानुन र शासन व्यवस्थालाई सही दिशामा अघि बढ्ने अपेक्षा राखेका हुन्छन् । त्यसैले संसद् केवल कानुन बनाउने थलो मात्र नभई जनताको आवाज सुनिने र राष्ट्रिय समस्यामाथि गम्भीर बहस हुने साझा मञ्च पनि हो । तर पछिल्ला वर्षहरूमा संसद्को कार्यशैलीप्रति आम नागरिकमा निराशा र असन्तुष्टि बढ्दै गएको देखिन्छ । जनताले संसद्बाट सबैभन्दा पहिले प्रभावकारी र जिम्मेवार भूमिका अपेक्षा गरेका छन् । संसद्मा जनजीविकासँग प्रत्यक्ष सम्बन्धित विषय–रोजगारी, शिक्षा, स्वास्थ्य, महँगी, भ्रष्टाचार, गरिबी, कृषि तथा विकास–माथि गम्भीर छलफल हुनुपर्छ । दलगत स्वार्थ र आरोप–प्रत्यारोपभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिन सक्ने संसद् आजको आवश्यकता हो । तर, त्यही संसद्को झन्डै दुईतिहाइ सांसदको विश्वासको मतमा प्रधानमन्त्री बनेका बालेन्द्र शाहले भने संसद् र जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुभन्दा संसद्लाई छलेर अघि बढिरहेका छन् । तर, संसदीय प्रणाली र लोकतन्त्रमा संसद्को गरिमा र प्रतिष्ठालाई कुल्चने, जनताका प्रश्नसँग पन्छिने र संस्थाको मर्यादालाई ख्याल नगर्ने कुरा कदापी स्वीकार्य हुन सक्दैन । प्रधानमन्त्री कार्यकारी सरकारको नेतृत्व गर्ने व्यक्ति भएकाले उनका निर्णय र सरकारका नीतिहरू प्रत्यक्ष रूपमा जनजीवनसँग जोडिएका हुन्छन् । तर कार्यकारी शक्तिको प्रयोग निरंकुश नहोस् भन्नका लागि संसद्को प्रभावकारी निगरानी आवश्यक हुन्छ । प्रधानमन्त्री तथा मन्त्रीहरू संसद्मा उपस्थित नहुने, प्रश्नको स्पष्ट जवाफ नदिने वा आलोचनालाई राजनीतिक आरोपका रूपमा मात्र लिने प्रवृत्तिले संसदीय लोकतन्त्रको गरिमा कमजोर बनाउँछ । संसद्मा बहुमत हुनु सरकारलाई प्रश्नभन्दा माथि उठ्ने अधिकार होइन, बरु जनताप्रति थप जिम्मेवार बन्ने दायित्व हो । संसद्प्रति प्रधानमन्त्रीको जवाफदेहिता केवल संवैधानिक वा कानुनी बाध्यता मात्र होइन, राजनीतिक नैतिकताको विषय पनि हो ।

जनताले ठूलो भाषण होइन, परिणाम खोजिरहेका छन् । उनीहरू स्थिरता, विकास, सुशासन, पारदर्शिता र न्यायको प्रत्याभूति चाहन्छन् । त्यसैले संसद्ले जनअपेक्षालाई केवल चुनावी नाराका रूपमा होइन, आफ्नो प्रमुख दायित्वका रूपमा ग्रहण गर्नुपर्छ । अन्ततः संसद्को प्रभावकारिता जनताको विश्वाससँग जोडिएको हुन्छ । जनताको आवाज संसद्मा प्रभावकारी रूपमा प्रतिबिम्बित भयो, कानुन निर्माण जनहितमा भयो र सरकारमाथि आवश्यक निगरानी कायम भयो भने मात्र संसद् अर्थपूर्ण बन्न सक्छ । त्यसैले संसद् दलगत स्वार्थभन्दा माथि उठेर जनताको पक्षमा उभिन सकेमा मात्र लोकतन्त्रप्रतिको जनविश्वास अझ बलियो हुनेछ ।

## Opinion @ Social Network

भाग्यले ढोका बन्द गरे पनि,
आशाले अर्को बाटो खोजिरहन्छ।
*(सविना गरम्जाको फेसबुक स्टाटसबाट www.facebook.com/Sabina.Garamja)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परीक्षाभन्दा पर जीवनका लागि शिक्षा



रविप्रसाद बराल

प्रसिद्ध शिक्षाविद् जा'न डेवीले भनेका छन् - "शिक्षा जीवनको तयारी मात्र होइनह शिक्षा स्वयं जीवन हो ।" यस भनाइले शिक्षा परीक्षा वा प्रमाणपत्रका लागि नभई जीवनका लागि आवश्यक सीप, मूल्य र व्यवहार सिक्ने प्रक्रिया हो भन्ने स्पष्ट गर्छ । पुस्तौंदेखि विद्यार्थीको सफलता मुख्यत: परीक्षाको नतिजाबाट मापन हुँदै आएको छ । अभिभावकहरू उच्च अंकमा खुसी हुन्छन् । विद्यालयहरू उत्तीर्ण प्रतिशतलाई उपलब्धि मान्छन् र विद्यार्थीहरू उत्कृष्ट नतिजाको पछि लाग्छन् । तर प्रश्न उठ्छ - परीक्षामा सफल विद्यार्थीहरू जीवनका व्यावहारिक चुनौतीमा किन अलमलिन्छन् ? शिक्षा ज्ञान हस्तान्तरणमात्र नभएर व्यक्तित्व विकासको प्रक्रिया पनि हो । यसले विद्यार्थीलाई सुरक्षित, समावेशी र सहयोगी वातावरणमा अनुकूलनशील, नैतिक र सिर्जनशील बन्न प्रेरित गर्छ । अनुभवमा आधारित सिकाइ, सामुदायिक सहभागिता र प्रभावकारी मूल्याङ्कनले विद्यार्थीलाई पाठ्यपुस्तकभन्दा पर गएर वास्तविक जीवनका चुनौतीको सामना गर्न सक्षम बनाउँछ । नेपाल सरकारले विद्यालय पाठ्यक्रम पुनरवलोकन गरिरहेको वर्तमान समय जीवनमुखी शिक्षालाई प्राथमिकता दिने उपयुक्त अवसर हो । विद्यालयको उद्देश्य अंक दिलाउनुमात्र होइन आत्मविश्वासी, जिम्मेवार, सिर्जनशील र जीवनका विविध चुनौतीको सामना गर्न सक्ने सक्षम नागरिक तयार गर्नु हो । यसका लागि पाठ्यक्रममा जीवनोपयोगी सीपको व्यवस्थित समावेश आवश्यक छ । वित्तीय साक्षरता, सञ्चार सीप, नेतृत्व क्षमता, मानसिक स्वास्थ्य व्यवस्थापन, सामाजिक उत्तरदायित्व, डिजिटल नागरिकता, विपद् तयारी तथा आत्मअनुशासनजस्ता विषयले विद्यार्थीलाई परीक्षा उत्तीर्ण गर्नेमात्र होइन जीवनका विविध परिस्थितिमा सक्षम नागरिक बन्न मद्दत गर्छन् । शिक्षाको वास्तविक उद्देश्य प्रमाणपत्र प्रदान गर्नुका साथै व्यक्तिलाई जीवनका हरेक उतारचढावको सामना गर्न सक्षम बनाउनु हो ।

**नेपालको शैक्षिक परम्परा**

नेपालको शैक्षिक परम्परा व्यावहारिक जीवन शिक्षासँग गहिरो रूपमा जोडिएको थियो । परम्परागत गुरुकुल प्रणालीमा विद्यार्थीलाई शास्त्रसँगै चरित्र निर्माण, अनुशासन, नैतिक आचरण, आत्मनिर्भरता र सामाजिक उत्तरदायित्व सिकाइन्थ्यो । परिवार र समुदायभित्र बालबालिकाले घरायसी काम, खेतीपाती, सामुदायिक सहभागिता तथा सामाजिक व्यवहारमार्फत जीवनोपयोगी सीप सिक्थे । यसले उनीहरूलाई आत्मनिर्भर र जिम्मेवार नागरिक बन्न मद्दत गर्थ्यो । तर समयसँगै शिक्षा प्रणाली क्रमश: परीक्षा र प्रमाणपत्र केन्द्रित बन्दै गयो । शैक्षिक योग्यतालाई सफलताको मुख्य मापदण्ड मान्न थालियो र जीवनोपयोगी सीपहरू प्राथमिकताबाट ओझेलमा परे । परिणामस्वरूप, आज धेरै विद्यार्थी पाठ्यपुस्तकमा दक्ष भए पनि वास्तविक जीवनका चुनौतीको सामना गर्न पर्याप्त रूपमा तयार छैनन् । यही कारणले परम्परागत मूल्य, सीप र संस्कारलाई आधुनिक पाठ्यक्रमसँग पुन: एकीकृत गर्नु आजको आवश्यकता बनेको छ ।

**नयाँ पुस्ताका चुनौतीहरू**

आजको युवापुस्ताले आफ्ना अभिभावकहरूको पुस्ताले भोग्नुपरेका भन्दा फरक चुनौतीको सामना गरिरहेको छ । डिजिटल प्रविधि, सामाजिक सञ्जाल, प्रतिस्पर्धी श्रम बजार, जटिल वित्तीय प्रणाली तथा तीव्र गतिमा बदलिँदो रोजगारी संसारले नयाँ अवसरसँगै नयाँ दबाब पनि सिर्जना गरेको छ । मानसिक स्वास्थ्य समस्या विश्वव्यापीरूपमा किशोरकिशोरीमाझ गम्भीर चिन्ताको विषय बनेको छ जसले उनीहरूको आत्मविश्वास, शैक्षिक उपलब्धि र सामाजिक सम्बन्धमा प्रत्यक्ष असर पारिरहेको छ । इन्टरनेटले ज्ञान र सूचनामा पहुँच सहज बनाए पनि गलत सूचना, साइबर अपराध, डिजिटल ठगी र अनलाइन दुर्व्यवहारका जोखिम बढाएको छ । डिजिटल बैंकिङ, अनलाइन भुक्तानी, बीमा, ऋण, लगानी तथा करसम्बन्धी विषयहरू दैनिक जीवनकै हिस्सा त बने तर विद्यालय तहमा विद्यार्थीहरूले यिनको आधारभूत ज्ञानसमेत प्राप्त गर्दैनन् । यसले भविष्यमा आर्थिक निर्णय लिन उनीहरूलाई कठिनाइ हुन सक्छ । स्पष्ट छ, नयाँ पुस्ताका चुनौती पाठ्यपुस्तकीय ज्ञानले मात्र समाधान गर्न सकिँदैन । जीवनोपयोगी सीप र व्यावहारिक शिक्षा अपरिहार्य भइसकेका छन् ।

**पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयहरू**

विद्यालय शिक्षाको उद्देश्य विद्यार्थीलाई परीक्षा उत्तीर्ण गराउनेमात्र होइन जीवनका विविध चुनौतीको सामना गर्न सक्षम बनाउनु पनि हो । त्यसैले शिक्षालाई जीवनमुखी, व्यावहारिक र समयसापेक्ष बनाउन पाठ्यक्रममा जीवनोपयोगी सीपको समुचित समावेश आवश्यक छ । आजको शिक्षा प्रणालीले अंक, प्रमाणपत्र र परीक्षालाई प्राथमिकता दिए पनि वास्तविक शिक्षा भनेको जीवन जिउने कला सिकाउनु हो । शिक्षाले विद्यार्थीको बौद्धिक विकाससँगै भावनात्मक, सामाजिक र नैतिक विकासलाई पनि समान महत्त्व दिनुपर्छ । व्यावहारिक ज्ञान, समस्या समाधान क्षमता, वित्तीय साक्षरता, सञ्चार कला, भावनात्मक व्यवस्थापन, सम्बन्ध निर्माण, चरित्र विकास र नैतिकताजस्ता पक्षहरू आधुनिक शिक्षाका आधारभूत अवयव बन्नुपर्छ । शिक्षा पाठ्यपुस्तकमा सीमित नभई जीवनका अनुभवसँग जोडिनुपर्छ । करिब दुई दशकअघि विद्यालय तहबाट नैतिक शिक्षा हटाइएपछि आदर, सम्मान, नम्रता, धैर्य र सहयोगजस्ता मानवीय मूल्यहरू क्रमश: कमजोर हुँदै गएको महसुस हुन थालेको छ । जिम्मेवार, इमानदार र सामाजिक उत्तरदायित्वबोध भएका नागरिक निर्माणका लागि विद्यालय शिक्षामा नैतिक शिक्षा र संस्कारलाई प्रभावकारी रूपमा पुन: समावेश गर्नु आवश्यक देखिन्छ । शिक्षा विद्यार्थीलाई जीवनका विविध चुनौतीको सामना गर्न सक्षम बनाउने माध्यमका रूपमा विकास गरिनुपर्छ । अनुभवमा आधारित सिकाइ, समूहकार्य, छलफल र समुदायसँगको सहभागिताले विद्यार्थीको सिर्जनशीलता, क्षमता र जिम्मेवारीबोध विकास गर्छ । प्रतिस्पर्धाभन्दा सहकार्यलाई प्राथमिकता दिँदा नेतृत्व, सामाजिक व्यवहार र मानवीय गुणहरू अझ प्रभावकारी रूपमा विकसित हुन्छन् । यस सन्दर्भमा विद्यालय पाठ्यक्रममा निर्णय क्षमता, समस्या समाधान, समय व्यवस्थापन, भावनात्मक बुद्धिमत्ता, नेतृत्व, टोलीगत कार्य, आत्मअनुशासन, मानसिक स्वास्थ्य, सञ्चार सीप, सामाजिक उत्तरदायित्व, डिजिटल नागरिकता, आत्मरक्षा, विपद् तयारी, पोषण, घरायसी व्यवस्थापन, दिगो जीवनशैली तथा कानुनी अधिकारसम्बन्धी विषयहरू समावेश गर्नुपर्छ । यस्ता विषयले विद्यार्थीलाई परीक्षा उत्तीर्ण गर्नेमात्र नभएर जीवनका हरेक क्षेत्रमा सक्षम र आत्मनिर्भर बन्न सहयोग पुऱ्याउँछन् । वित्तीय साक्षरता विशेषरूपमा महत्त्वपूर्ण विषय हो । बचत, बजेट निर्माण, बैंकिङ प्रणाली, कर, डिजिटल भुक्तानी, ऋण व्यवस्थापन तथा लगानीका आधारभूत सिद्धान्तबारे विद्यालय तहदेखि नै ज्ञान दिइनुपर्छ । आर्थिक निर्णयसम्बन्धी यस्ता सीपले भविष्यमा युवालाई आत्मनिर्भर, जिम्मेवार र आर्थिक रूपमा सक्षम बनाउँछन् । मानसिक स्वास्थ्य र तनाव व्यवस्थापनलाई पनि शिक्षाको अभिन्न अङ्ग बनाइनुपर्छ । बढ्दो शैक्षिक दबाब, सामाजिक प्रतिस्पर्धा र डिजिटल युगका चुनौतीले विद्यार्थीको मानसिक स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारिरहेका छन् । आत्मविश्वास वृद्धि, भावनात्मक सन्तुलन, तनाव व्यवस्थापन तथा आवश्यकता पर्दा सहयोग खोज्ने सीप विकास गर्न सके विद्यार्थीहरू मानसिक रूपमा सबल र जीवनका चुनौतीको सामना गर्न सक्षम बन्न सक्छन् । सञ्चार सीप तथा सार्वजनिक वक्तृत्वकलाको विकासले विद्यार्थीको आत्मविश्वास र नेतृत्व क्षमता बढाउँछ । बहस, प्रस्तुतीकरण, सिर्जनात्मक लेखन तथा अन्तरव्यक्तिगत संवादका अभ्यासले उनीहरूलाई सामाजिक तथा व्यावसायिक जीवनमा सफल हुन मद्दत पुऱ्याउँछ । नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको देश भएकाले विपद् व्यवस्थापन र तयारीसम्बन्धी शिक्षा पनि अनिवार्य हुनुपर्छ । प्राथमिक उपचार, आगलागी नियन्त्रण, उद्धार प्रक्रिया तथा जलवायु परिवर्तनसम्बन्धी आधारभूत ज्ञानले सुरक्षित र जिम्मेवार नागरिक निर्माणमा योगदान पुऱ्याउँछ । समयको आवश्यकताअनुरूप शिक्षालाई सीप, रोजगार र उद्यमशीलतासँग जोड्दै पाठ्यक्रम परिमार्जन गर्न सकियो भने विद्यालयले जीवनका वास्तविक चुनौतीको सामना गर्न सक्षम, जिम्मेवार, सचेत र आत्मनिर्भर नागरिक तयार गर्नेछ ।

**अन्तर्राष्ट्रिय अभ्यास**

धेरै देशहरूले परीक्षा केन्द्रित शिक्षाबाट जीवनमुखी शिक्षातर्फ ध्यान केन्द्रित गरेका छन् । फिनल्यान्डले जीवन सीप, मानसिक सन्तुलन र व्यावहारिक शिक्षालाई प्राथमिकता दिएको छ । जापानमा विद्यार्थीहरूले विद्यालयमै सरसफाइ गरेर जिम्मेवारीबोध र टिमवर्कको भावना विकास गर्छन् । सिंगापुरले चरित्र निर्माण र नागरिक शिक्षामा जोड दिएको छ । अस्ट्रेलिया र न्युजिल्यान्डले वित्तीय साक्षरता, आत्मविकास र वास्तविक जीवनका समस्या समाधानलाई शिक्षाको अभिन्न हिस्सा बनाएका छन् । यी अभ्यासले शैक्षिक उत्कृष्टता र जीवनोपयोगी सीप एकअर्काका पूरक हुन् भन्ने स्पष्ट गर्छन् ।

**सुधारका लागि उपयुक्त समय**

नेपालमा भइरहेको पाठ्यक्रम पुनरावलोकन शिक्षालाई नयाँ दिशा दिने महत्त्वपूर्ण अवसर हो । जीवनोपयोगी सीपका लागि छुट्टै परीक्षा आवश्यक पर्दैन । परियोजनामूलक सिकाइ, कार्यशाला, सामुदायिक सेवा, प्रयोगात्मक अभ्यास तथा अनुभवमा आधारित शिक्षामार्फत यस्ता विषय प्रभावकारी रूपमा सिकाउन सकिन्छ । परीक्षा मूल्याङ्कनको एउटा माध्यम त हो तर जीवनको अन्तिम लक्ष्य होइन । डिग्रीले रोजगारीको ढोका खोल्न सक्छ तर जीवनोपयोगी शिक्षाले व्यक्तिलाई सुखी, सन्तुष्ट र सफल जीवन जिउन सिकाउँछ । त्यसैले शिक्षाको उद्देश्य प्रमाणपत्र बाँड्नुमात्र नभई व्यक्तिलाई जीवनका उतारचढावको सामना गर्न सक्ने सक्षम बनाउनु हो । नेपालले भावी पुस्ताका लागि शिक्षा प्रणाली निर्माण गर्दा अब प्रश्न "विद्यार्थीले के जान्नुपर्छ?" भन्नेमात्र होइन "विद्यार्थीले जीवनमा सफल हुनका लागि के गर्न सक्नुपर्छ?" भन्ने पनि हुनुपर्छ । वर्तमान पाठ्यक्रम सुधारले यही दृष्टिकोण आत्मसात् गर्न सकेमा नेपालले प्रमाणपत्रधारीमात्र होइन आत्मनिर्भर, जिम्मेवार, आर्थिक रूपमा सचेत र मानसिक रूपमा सबल नागरिकहरूको नयाँ पुस्ता तयार गर्न सक्नेछ । ***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नजिकको व्यक्तिबाट उत्साह बढाउने कुरा सुन्न पाइनेछ। शरीरमा ताजगी रहनेछ। | **तुला**: खर्चभन्दा आवश्यकतालाई प्राथमिकता दिनु ठीक हुनेछ। मन हलुका हुनेछ। |
| **वृष** : सामान खरिद गर्दा फाइदा हुनेछ। आरामका लागि पर्याप्त निद्रा आवश्यक छ। | **वृश्चिक** : परिवारको विश्वासले भावनात्मक बल दिनेछ। पानी पर्याप्त पिउनुहोस्। |
| **मिथुन** : आएको निम्तो स्वीकार्दा रमाइलो हुनेछ। भविष्यको काम बन्ने संकेत छ। | **धनु** : प्रेमसम्बन्धमा पुरानो दूरी घट्नेछ। बाटो काट्दा हतार नगर्नुहोस्। |
| **कर्कट** : व्यक्तिगत निर्णयमा अन्योल हट्नेछ। सम्बन्धमा मनका कुरा बुझिनेछन्। | **मकर** :आफ्नो मेहनतको अर्थ बुझिनेछ। बचतको राम्रो अवसर भेटिनेछ। |
| **सिंह** : आर्थिक लाभका लागि सही व्यक्तिसँग भेट हुनेछ। प्रेमसम्बन्धमा आत्मीयता बढ्नेछ। | **कुम्भ**: नयाँ प्रविधि सिक्ने इच्छा बढ्नेछ। व्यक्तिगत सम्बन्धमा खुलापन बढ्नेछ। |
| **कन्या** : कागजी झन्झटबाट राहत मिल्नेछ। व्यापारमा हिसाब स्पष्ट राख्दा फाइदा हुनेछ। | **मीन** : प्रिय व्यक्तिको ध्यानले खुसी बढ्नेछ। रुचिको क्षेत्रमा नयाँ प्रेरणा पाइनेछ। |

# कला मनोरञ्जन

## २१ देशका २६ फिल्मसहित हुँदैछ काठमाडौं हरर फिल्म फेस्टिभल




काठमाडौं हरर फिल्म फेस्टिभलको दोस्रो संस्करणका लागि २६ फिल्म छनोट भएका छन् । अक्टोबर ३० देखि नोभेम्बर १ (कात्तिक १३ देखि १५) सम्म काठमाडौंस्थित रसियन हाउसमा आयोजना हुने फेस्टिभलका लागि ८ वटा फिचर र १८ वटा छोटा फिल्म छनोट भएका हुन् । अन्तर्राष्ट्रिय रूपमा आह्वान गरिएका हरर, थ्रिलर, सुपरनेचुरल, डार्क फ्यान्टसी र लोककथामा आधारित फिल्ममध्येबाट २१ देशका फिल्म छनोट भएका छन् । छनोटमा नेपालका निर्माण तथा सह-निर्माण गरी ५ फिल्म छन् । फिचरतर्फ बेलायतको अबान्डन्ड, सर्बियाको फ्रस्ट, अमेरिकाको किल मी, लेबनान, फ्रान्स, कतार र साउदी अरेबियाको सहकार्यमा बनेको इन दिस डार्कनेस आइ सी यू, क्यानडाको द व्याथ, फ्रान्स र अमेरिकाको सहकार्यमा बनेको द वन्स हु ग्रिभ, इरानको पोल्ट्री फार्म र अस्ट्रेलिया-नेपालको सहकार्यमा बनेको मोक्ष छनोट भएका छन् । छोटो फिल्मतर्फ नेपालका नार, सिनर, लाखे र एलिससहित विभिन्न देशका १८ फिल्म छनोट भएका छन् । छनोट भएका अन्य फिल्ममा अमेरिकाको ओबे, इटाली-स्लोभेनियाको कस्मोनट्स, बेल्जियमको द लिडर विल कम, स्पेनका ह्याप्पी, सिन्कोपाट र सेप्टेनो, अर्जेन्टिनाको समथिङ स्केरी, फ्रान्सका मर्क्युरियो र लाइफलाइन, साउथ कोरियाको द ओल्ड म्यान एन्ड द ग्रेभ, जापानको एग, स्विट्जरल्यान्डको भ्यागाबन्ड, ब्राजिलको फाभेला अमारेला तथा मेक्सिकोको डिस्ट्रो छन् । फेस्टिभल निर्देशक रशिक पाठकका अनुसार हरर विधा अहिले फिल्मको सिर्जनशील विधामध्ये एक बनेको छ। यस विधामार्फत फिल्मकर्मीहरूले लोककथा, मनोविज्ञान, समाज र पहिचानजस्ता विषय प्रस्तुत गरिरहेको उनले बताए । 'हरर अहिले सिनेमाको सबभन्दा सिर्जनशील विधामध्ये एक हो । फिल्मकर्मीहरूले यसमार्फत लोककथा, मनोविज्ञान, समाज र पहिचानका विषय उठाइरहेका छन्,' पाठकले भने, 'काठमाडौं हरर फिल्म फेस्टिभलले यस विधामा काम गर्ने नेपाली फिल्मकर्मीलाई दर्शक र समुदायसँग जोड्ने काम गर्छ । यस संस्करणमार्फत नेपाली फिल्मकर्मीलाई विदेशका थप फिल्मकर्मीसँग सम्पर्कमा ल्याउन चाहन्छौं ।' सन् २०२५ मा सुरू भएको काठमाडौं हरर फिल्म फेस्टिभल नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीको आयोजनामा हुँदै आएको छ । हरर तथा विधागत फिल्ममा केन्द्रित फेस्टिभलले नेपाली फिल्मकर्मीलाई स्थानीय लोककथा, मिथक र परम्परामा आधारित कथा भन्न प्रोत्साहित गर्दै विश्वका विभिन्न देशका विधागत फिल्म नेपाली दर्शकमाझ ल्याउने उद्देश्य राखेको छ । फेस्टिभलको पहिलो संस्करणदेखि नै स्थल साझेदारका रूपमा सहकार्य गर्दै आएको रसियन हाउसले यस वर्ष पनि कार्यक्रम आयोजना गर्न स्थान उपलब्ध गराएको आयोजकले जनाएको छ ।

*-सेतोपाटी डटकम*

## बक्सअफिसमा 'आचार्य'भन्दा 'बा : एक योद्धा' अगाडि, कसको सिनेमाले कति कमाए ?




बक्सअफिसमा चलचित्र 'आचार्य' अर्को सिनेमा 'बा : एक योद्धा'भन्दा पछि परेको छ । चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्सअफिस तथ्यांकअनुसार 'बा : एक योद्धा'ले १० दिनमा एक करोड ९३ रुपैयाँ ग्रसकलेक्सन गरेको छ । यो सिनेमा ६५ हजार ५६० दर्शकले हेरेका छन् । 'बा : एक योद्धा' हरि लम्सालको लेखन तथा निर्देशन रहेको चलचित्र हो । सन्तानका लागि बाबुआमाले गर्ने संघर्ष र त्याग नै यो चलचित्रको मुख्य कथा हो । 'बा : एक योद्धा'मा दिव्यदेव पन्त, सुहाना थापा, झरना थापा, अनिल बुढाथोकीलगायत कलाकार मुख्य भूमिकामा छन् । 'आचार्य'ले १० दिनमा एक करोड ५६ लाख रुपैयाँ ग्रसकलेक्सन गरेको छ । यस अवधिमा यो चलचित्र ५४ हजार १०६ दर्शकले हेरेका छन् । 'आचार्य'लाई निखिल उप्रेतीले निर्देशन गरेका छन् । मुख्य भूमिकामा निखिलसँगै पूर्णिका सिजापती, प्रमोद अग्रहरि तथा भारतीय कलाकारहरूको अभिनय रहेको छ । चलचित्र 'जदौ'ले दश दिनमा १३ लाख ९८ हजार रुपैयाँ ग्रसकलेक्सन गरेको छ । यसलाई तीन हजार ८६७ दर्शकले हेरेको तथ्यांक छ । अञ्जन शर्मा र काजी लिम्बूको संयुक्त निर्देशन रहेको 'जदौ'मा मुकुन भुसाल, नीति शाह, प्रभात पाल ठकुरी, ऋचा शर्मालगायत कलाकारको अभिनय छ । यसैबीच, दयाहाङ राई मुख्य भूमिकामा रहेको चलचित्र 'पेन्सन पट्टा' बक्सअफिसमा सफल देखिएको छ । भदौ २६ गतेबाट प्रदशर्नमा आएको यो चलचित्रले नौ करोड १३ लाख ग्रसकलेक्सन गरेको छ । माहोत्से गुरुङको निर्देशन रहेको चलचित्र 'पेन्सन पट्टा'मा दयाहाङ राई र गौमाया गुरुङ मुख्य भूमिकामा छन् । चलचित्र 'एलिफेन्टस् इन द फग'ले एक करोड २७ लाख रुपैयाँ ग्रसकलेक्सन गरेको छ । अविनाश विक्रम शाहको निर्देशन रहेको यो चलचित्रमा पुष्पा थिङ मुख्य भूमिकामा छिन् । यो चलचित्र ओस्कार अवार्डका लागि सिफारिस भइसकेको छ । चलचित्र 'झिंगे दाउ'ले एक करोड ४५ लाख रुपैयाँ ग्रसकलेक्सन गरेको छ । यो चलचित्रलाई ज्ञानेन्द्र देउजाले निर्देशन गरेका छन् । केकी अधिकारी, महेश त्रिपाठी, आँचल शर्मा र कुशल विष्ट मुख्य भूमिकामा छन् । चलचित्र 'बेहुली'ले दुई करोड ९९ लाख रुपैयाँ ग्रसकलेक्सन गरेको छ । सशान कँडेलले निर्देशन गरेको चलचित्रमा पारश बम ठकुरी र दिव्या रायमाझी मुख्य भूमिकामा छन् । चलचित्र 'पार्वती'ले दुई करोड २९ लाख रुपैयाँ कलेक्सन गरेको छ । नीता ढुंगानाले निर्देशन गरेको यो चलचित्रमा नीता स्वयं र अशोक दर्जी मुख्य भूमिकामा छन् । साउन १ गतेबाट प्रदशर्नमा आएको चलचित्र 'गौँथली' २६ करोडको आकडा पार गरेको छ । कपिल रिजालको निर्देशन रहेको यो चलचित्रले २६ करोड एक लाख रुपैयाँ ग्रसकलेक्सन गरेको छ । यो चलचित्रमा अरुण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा छन् । यो नेपाली चलचित्र उद्योगकै दोस्रो सबैभन्दा धेरै कमाउने सिनेमा बनिसकेको छ ।

*-बाह्रखरी डटकम*

## 'किड्स जीनियस स्टार अफ नेपाल-२०२६' सम्पन्न



बालबालिकामा लुकेर रहेको गायन तथा नृत्य प्रतिभाको खोजी, प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले आयोजित 'किड्स जीनियस स्टार अफ नेपाल-२०२६' को ग्राण्ड फिनाले विविध सांगीतिक तथा सांस्कृतिक प्रस्तुतिसहित सम्पन्न भएको छ । जिनियस डिजिटल म्युजिक प्रालिको आयोजनामा सम्पन्न कार्यक्रममा गायनतर्फ आरोहा पौडेल र नृत्यतर्फ प्रयुशा अधिकारी विजेता बन्नुभएको छ । गायनतर्फ आरोशी गिरी द्वितीय र पलक दुम्जन तृतीय भए भने भने नृत्यतर्फ सुबिहानी तामाङ द्वितीय र सायाङ लामा तृतीय भए । चलचित्र कलाकार संघका पूर्वअध्यक्ष तथा वरिष्ठ कलाकार मोहन निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा चलचित्र कलाकार संघका अध्यक्ष तथा वरिष्ठ कलाकार उत्तम केसी विशिष्ट अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा महाकाव्यकार खेमनाथ दाहाल, प्रस्तोता समाजका अध्यक्ष नरहरि प्रेमी, पत्रकार तथा मिलाप फाउण्डेशन अध्यक्ष गीता अधिकारी, गायिका सारिका घिमिरे, गायक तथा संगीतकार योगेश काजी शाह, कार्यक्रम व्यवस्थापन संघका अध्यक्ष राजेन्द्र लुइँटेल, गायक तथा संगीतकार राजेन्द्र बजगाईं, गायक तथा संगीतकार चेतन राईलगायत साहित्य-कला, गीत-संगीत, पत्रकारिता तथा मनोरञ्जन क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति थियो । प्रतियोगिताको नृत्य विधामा वरिष्ठ नृत्य निर्देशक कमल राई, वरिष्ठ नृत्य निर्देशक तथा नृत्य निर्देशक संघका पूर्वकेन्द्रीय अध्यक्ष भुवन दास श्रेष्ठ र कलाकार पूजना प्रधान गुरुङ निर्णायक रहेका थिए । त्यसैगरी, गायन विधामा वरिष्ठ संगीतकार राजु सिंह, गायक तथा संगीतकार भानुभक्त ढकाल र गायिका जुनु रिजाल निर्णायक थिए । ग्राण्ड फिनालेमा सहभागी बालप्रतिभाहरूले गायन तथा नृत्यका आकर्षक प्रस्तुति दिएका थिए । विजेता तथा उपविजेतालाई पुरस्कार, ट्रफी तथा सम्मान प्रदान गरिएको थियो । चलचित्र विकास बोर्डका सदस्य गीतकार सर्जक गणेश सुवेदीले सञ्चालन गर्नुभएको कार्यक्रमका अवसरमा कला, पत्रकारिता तथा चलचित्र क्षेत्रमा योगदान पुर्‍याएका विभिन्न व्यक्तित्वलाई समेत सम्मान गरिएको थियो । सो अवसरमा पत्रकार स्वस्तिका पन्थी, निर्माता हर्षकुमार यादव तथा चलचित्र विकास बोर्डका सदस्य एवं छायांकार वीरेन्द्रप्रसाद भट्टलगायतलाई सम्मान गरिएको थियो । गायक तथा संगीतकार चेतन राई, गायक तथा संगीतकार रमेश पाठक तथा गायक रामकृष्ण श्रेष्ठलगायत कलाकारको सांगीतिक प्रस्तुतिले कार्यक्रमलाई थप मनोरञ्जनात्मक बनाएको थियो । आगामी दिनमा प्रतियोगितालाई अझ व्यवस्थित, व्यापक र प्रभावकारी बनाउँदै नेपाली कला, संगीत तथा संस्कृतिमा नयाँ पुस्ताका प्रतिभालाई अघि बढाउने अभियानलाई निरन्तरता दिइने निर्देशक रमेश पाठकले बताए ।

**'हाम्रो माया कहिल्यै छुट्दैन' सार्वजनिक**

सो अवसरमा गायक तथा संगीतकार रमेश पाठकको शब्द, संगीत तथा स्वरमा तयार भएको प्रेमगीत 'हाम्रो माया कहिल्यै छुट्दैन'को अडियो तथा भिडियो पनि सार्वजनिक गरिएको थियो । कार्यक्रममा महाकाव्यकार क्षेमनाथ दाहाल, वरिष्ठ नृत्य निर्देशक कमल राई, वरिष्ठ नृत्य निर्देशक भुवन दास श्रेष्ठ, कलाकार पूजना प्रधान गुरुङ, वरिष्ठ संगीतकार राजु सिंह, गायक तथा संगीतकार भानुभक्त ढकाल, नृत्य निर्देशक टेक लामा छिरिङ लगायतले उक्त भिडियोको विमोचन गरेका थिए । 'हाम्रो माया कहिल्यै छुट्दैन'मा रमेश पाठक र बेनीशा पौडेलको स्वर रहेको छ । गीतमा संगीत संयोजन रामकृष्ण थापाले गर्नुभएको छ भने अतिरिक्त संगीत उत्पादन तथा बिजीएम योगेश काजी शाहको रहेको छ । गीतको रेकर्डिङ विनोद महताराले गर्नुभएको हो भने मिक्सिङ तथा मास्टरिङ मनोज परियारले गरेका छन् । गीतको भिडियोमा आकाश श्रेष्ठ र अलिना गुरुङको मुख्य अभिनय छ । भिडियोको कोरियोग्राफी रोशन विश्वकर्माले गर्नुएको छ भने छायांकन दिनेश पराजुली, मेकअप सपना लाम्साल तथा दृश्य सम्पादन र कलर डिन्सन शाहले गरेका छन् । भिडियोको निर्देशन भने स्वयं रमेश पाठकले गरेका हुन् । प्रेम, समर्पण र सम्बन्धको भावनालाई केन्द्रमा राखिएको भिडियोमा प्रेम सम्बन्धमा आउने विभिन्न उतारचढावका बीच पनि साँचो प्रेम कहिल्यै नछुट्ने भावलाई गीत तथा भिडियोमार्फत प्रस्तुत गरिएको छ ।

*-इहिमालय डटकम*

## अनुपम रोशीको 'भग: एक मौन ब्रह्माण्ड' विमोचन



लेखक अनुपम रोशीको नयाँ कृति 'भग: एक मौन ब्रह्माण्ड'को काठमाडौंमा एक समारोह बीच विमोचन गरिएको छ । अस्तित्व, शरीर, सत्ता, समाज, मृत्यु, चेतना र आध्यात्मिकताजस्ता विषयलाई दार्शनिक तथा प्रश्नमुखी दृष्टिले केलाइएको कृतिमाथि बोल्दै वक्ताहरूले यसलाई समकालीन नेपाली साहित्यमा गम्भीर चिन्तन र बहसको सम्भावना बोकेको कृतिका रूपमा चर्चा गरे । विमोचन कार्यक्रममा युग पाठक, सगुना शाह र राम लोहनीले कृतिमाथि आफ्ना धारणा प्रस्तुत गरेका थिए । वक्ता युग पाठकले 'भग: एक मौन ब्रह्माण्ड'लाई चिन्तन र विचारको समग्र एउटा बलियो धरातलमा उभिएको पुस्तकका रूपमा व्याख्या गरे । समकालीन राजनीतिक र परिवेश कमजोर हुँदै गएको पठन-संस्कृतिको अवस्थाबीच रोशीले कृतिमार्फत उठाएका प्रश्नहरू आज हामी सबैले खोजिरहेको जवाफतर्फ संकेत गर्ने उनको भनाइ थियो । उनका अनुसार पुस्तकले कुनै एउटा स्थापित निष्कर्षलाई अन्तिम सत्यका रूपमा अघि सार्दैन, बरु पाठकलाई प्रश्नको केन्द्रमा उभ्याउँछ । सोचन, आफ्नै दृष्टिकोणबाट विषयलाई हेर्न र आफूले बाँचिरहेको समयसँग पुन: संवाद गर्न बाध्य बनाउँछ । कृतिका हरेक निबन्धले एउटा झनझनाहट र झड्का दिन्छ, पाठकले भने, ती निबन्ध पढिरहँदा म केवल विचार पढिरहेको थिइन, साहित्यको एउटा गहिरो अनुभवबाट गुज्रिरहेको थिए। उनका अनुसार रोशीको लेखनको शक्ति बौद्धिक बहसमा सीमित नभइ पाठकको अनुभूति र चेतनासम्म पुग्ने बताएका छन् । त्यसै गरि सगुना शाहले कृतिको भावनात्मक तथा दार्शनिक गहिराइको चर्चा गर्दै यो एउटा अत्यन्त सुन्दर कृतिको आगमन भएको बताइन् । पुस्तक पढ्दै जाँदा पाठकले विभिन्न ठाउँमा आफूलाई नै भेट्टाउने र आफ्नै जीवन, अनुभूति तथा अस्तित्वसँग जोडिएको महसुस गर्ने उनको भनाइ थियो । विशेषत: मृत्यु-चिन्तनसम्बन्धी निबन्धहरू अत्यन्त गम्भीर र दार्शनिक रहेको उल्लेख गर्दै उनले भनिन्, 'म पढ्दा-पढ्दै भक्कानिएँ, धेरै ठाउँमा आफैलाई फिल गरेँ ।' उनका अनुसार रोशीले मृत्युजस्तो जटिल विषयलाई मानवीय अनुभूतिको गहिराइसँग मात्र नभइ दार्शनिक बहसका रूपमा जोडेर प्रस्तुत गरेको बताइन् । महिला अस्तित्व र समानताको बिलकुलै फरक चिन्तन गरिएको कृति भग नेपाली साहित्यमा एउटा उत्कृष्ट कृति भएको उनको भनाई थियो । त्यसैगरी राम लोहनीले कृतिको समग्र लेखनमा रहेको आध्यात्मिकता र स्वत्वसँगको गहिरो रुझानलाई विशेष रूपमा उल्लेख गरे । उनका अनुसार पुस्तकका प्रत्येक प्रसंगले पाठकलाई केहीबेर रोकिएर सोचन बाध्य बनाउँछ । कृतिका हरेक शीर्षकमा म रोकिँदै पढ्नुपर्‍यो, भन्ने भावमा उनले पुस्तकले पाठकलाई हतारमा अघि बढ्न नदिने र विचारको गहिरो तहभित्र यात्रा गराउने बताए । कृतिमा आध्यात्मिक खोजसँगै आफ्नो अस्तित्व र स्वत्वको पहिचानतर्फ फर्किने गहिरो आग्रह रहेको उनको भनाइ थियो । वक्ताहरूले रोशीको लेखनमा रहेको काव्यिक भाषा, दार्शनिक गहिराइ र प्रश्न गर्ने साहसको प्रशंसा गर्दै 'भग: एक मौन ब्रह्माण्ड'लाई अहिलेको समयसँग संवाद गर्ने कृतिका रूपमा व्याख्या गरेका थिए । कृतिले शरीर, सत्ता, समाज, मृत्यु र अस्तित्वका प्रश्नलाई एउटै वैचारिक धरातलमा ल्याएर पाठकलाई आफूभित्र र आ्नो समयभित्र फर्केर हेर्न बाध्य बनाउने उनीहरूको धारणा थियो । 'भग: एक मौन बह्माण्ड' शिक्षा बुक्सले प्रकाशन गरेको हो । यस पुस्तकको मूल्य ६९५ रहेको छ । *-डिसी नेपाल डटकम*

# पाल्पामा भन्सार छलीका लाखौँ मूल्यका सामान बरामद




**पाल्पा,** असोज २०/जिल्ला प्रहरी कार्यालय पाल्पाले जिल्लाका विभिन्न स्थानमा चेकजाँचका क्रममा भन्सार छली गरी ल्याइएका ठूलो परिमाणका सामान बरामद गरेको छ । प्रहरीले दुई छुट्टाछुट्टै घटनामा भन्सार छली गरी ल्याइएका कस्मेटिक सामग्री तथा कपडासहित दुईवटा सवारीसाधन नियन्त्रणमा लिएको हो ।

प्रहरीले असोज १८ गते तानसेन नगरपालिका-६, सिद्धार्थ राजमार्ग सडकखण्डमा बुटवलबाट तानसेनतर्फ आउँदै गरेको लु ३ च ३४९५ नम्बरको भ्यानलाई रोकी चेकजाँच गर्दा भन्सार छली गरी ल्याइएको आशंका गरिएका विभिन्न प्रकारका कस्मेटिक सामान फेला पारी नियन्त्रणमा लिएको जनाएको छ । बरामद गरिएका कस्मेटिक सामानको प्रारम्भिक अनुमानित मूल्य रु. ९ लाख ७३ हजार ८ सय २० बराबर रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यस्तै असोज २० गते जिल्लाको तिनाउ गाउँपालिका-३, चेकपोस्टस्थित सिद्धार्थ राजमार्गमा पनि प्रहरीले भन्सार छली गरी ल्याइएको सामान बरामद गरेको छ । प्रहरी चौकी दोभानबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको प्रहरी चेकिङ टोलीले बुटवलतर्फबाट तानसेनतर्फ आउँदै गरेको लु प्र ०१-००१ ज ०४४८ नम्बरको विद्युतीय गाडीलाई चेकजाँच गर्दा विभिन्न प्रकारका कपडा बराम गरेको हो । गाडीबाट कुर्था १०९ थान र साडी १५ थान बरामद गरिएको छ । बरामद कपडाको अनुमानित मूल्य रु. २ लाख ४८ हजार बराबर रहेको जनाइएको छ । बरामद गरिएका सामग्रीहरू आवश्यक कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालय बेलहिया, रुपन्देही पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईले बताए । पाल्पा हुँदै बुटवल, रुपन्देही तथा पहाडी जिल्लातर्फ आवतजावत गर्ने सिद्धार्थ राजमार्ग भन्सार छली गरी विभिन्न सामग्री ओसारपसार गर्नेहरूले प्रयोग गर्न सक्ने सम्भावित मार्ग भएकाले प्रहरीले यस क्षेत्रमा चेकजाँचलाई प्राथमिकता दिँदै आएको छ । पछिल्लो समय प्रहरीले सवारीसाधनमाथि नियमित निगरानी बढाउँदै शंकास्पद सामग्रीको ओसारपसार नियन्त्रणमा सक्रियता देखाएको छ । प्रहरीका अनुसार भन्सार छली गरी सामान ल्याउँदा राज्यले प्राप्त गर्ने राजस्वमा प्रत्यक्ष असर पर्ने भएकाले त्यस्ता गतिविधि नियन्त्रण गर्न राजमार्गमा हुने चेकजाँचलाई थप प्रभावकारी बनाइने छ । शंकास्पद रूपमा ओसारपसार गरिएका सामग्री, कागजात तथा सवारीसाधनको जाँचलाई निरन्तरता दिइने प्रहरीको भनाइ छ ।

## भारतबाट दसैँ मनाउन ५०...

...भारतमा रोजगारीका लागि गएका नेपाली चाडपर्वका बेला ठूलो संख्यामा स्वदेश फर्किने यात्रुको सहजता र सुरक्षाका लागि सहायता कक्षबाट आवश्यक सूचना, समन्वय तथा सहयोग उपलब्ध गराइने उनले जानकारी दिए । बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अङ्गुर जिसीले चाडपर्वका समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न विशेष सुरक्षा योजना लागू गरिएको बताउँदै भारतबाट फर्किने नेपालीलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउने गरी सुरक्षा व्यवस्था मिलाइएको उल्लेख गरे । भारतबाट फर्किने नेपालीको चापलाई लक्षित गरी नेपालगञ्ज र कोहलपुर बसपार्कमा पनि मङ्गलबारदेखि यात्रु सहायता कक्ष सञ्चालन गरिने प्रहरी उपरीक्षक जिसीले जानकारी दिए । *-रासस*

## तानसेनमा 'लुम्बिनी अन्तर्राष्ट्रिय...

...यसैगरी लुम्बिनी प्रदेशको कला, संस्कृति, पर्यटन तथा समृद्धिका विविध पक्षबारे क्षेत्रगत विशेषज्ञ, नीति निर्माता, स्थानीय तहका प्रतिनिधि र चलचित्रकर्मीको सहभागितामा प्यानल छलफल समेत सञ्चालन गरिनेछ ।

**२४ लाख खर्च, ५ हजारभन्दा बढी दर्शकको अपेक्षा**

आयोजकका अनुसार महोत्सव सम्पन्न गर्न करिब २४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । तीन दिनसम्म सञ्चालन हुने महोत्सवमा स्वदेशी तथा विदेशी गरी ५ हजारभन्दा बढी दर्शक, चलचित्रप्रेमी तथा पर्यटक सहभागी हुने अपेक्षा गरिएको तानसेन पर्यटन बोर्डका संयोजक एवं तानसेन-६ का वडाध्यक्ष सागरमान महर्जनले बताए । महोत्सवलाई सिङ्गो लुम्बिनी प्रदेशकै साझा सांस्कृतिक उत्सवका रूपमा अघि बढाउन प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, पर्यटन व्यवसायी, विभिन्न संघ-संस्था तथा सञ्चारमाध्यमको सहयोग र सहकार्यको अपेक्षा आयोजकले गरेको छ । महोत्सवमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहित मन्त्रीहरू तथा चलचित्र क्षेत्रका कलाकार निर शाह, शर्मिला मल्ल र धिरेन शाक्यलगायत विशिष्ट व्यक्तिको सहभागिता रहने आयोजकले जनाएको छ । पत्रकार सम्मेलन सञ्चार मञ्च पाल्पाका अध्यक्ष माधव अर्यालको अध्यक्षता तथा महासचिव रेखीराम रानाको सञ्चालनमा सम्पन्न भएको थियो ।

**खेलकुद समाचार**

## हरमनप्रीतले छाडिन् भारतीय महिला क्रिकेटको कप्तानी



**काठमाडौं,** असोज २०/भारतीय महिला क्रिकेट टोलीकी लामो समयदेखि कप्तान रहँदै आएकी हरमनप्रीत कौरले कप्तानीबाट राजीनामा दिएकी छिन् । ३७ वर्षीय कौरले अन्तर्राष्ट्रिय क्रिकेटका ३ वटै फर्म्याटको कप्तानबाट राजीनामा दिएकी हुन् । कप्तानी छाडे पनि खेललाई निरन्तरता दिने उनले बताएकी छिन् । कौरको नेतृत्वमा भारतले गएको वर्ष घरेलु मैदानमा पहिलो पटक आईसीसी महिला एकदिवसीय विश्वकपको उपाधि जितेको थियो । जापानमा भएको २०औँ संस्करणको एशियाली खेलकुदमा भारतलाई स्वर्ण पदक जिताएको दुई हप्तापछि कौरले आज सामाजिक सञ्जालमार्फत कप्तानी छाडेको बताएकी हुन् । उनकै कप्तानीमा भारतले १९औँ संस्करणको एशियाली खेलकुदमा पनि स्वर्ण जितेको थियो । सन् २०१६ मा जिम्मेवारी सम्हालेपछि उनी एक दशकभन्दा धेरै समयसम्म टी-२० टोलीको कप्तान रहिन् । त्यसपछि उनले सन् २०२२ मा एकदिवसीय र टेस्ट टोलीको कप्तानी सम्हालिन् । सन् २००९ मा भारतका लागि टी-२० र एकदिवसीय अन्तर्राष्ट्रियमा डेब्यु गरेकी कौरको कप्तानका रूपमा उत्कृष्ट करियर रहेको छ । सन् २०२२ देखि उपकप्तान रहँदै आएकी स्मृति मन्धना कप्तानको जिम्मेवारी सम्हाल्ने प्रमुख दाबेदारका रूपमा रहेकी छिन् । कौरले भारतका लागि ५ टेस्ट, ५१ एकदिवसीय र १५५ टी-२० अन्तर्राष्ट्रियमा कप्तानी गरेकी छिन् । उनी १५० भन्दा धेरै टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा टोलीको कप्तानी गर्ने पहिलो (पुरुष वा महिला) खेलाडी पनि हुन् ।

**अर्थ/कर्पोरेट समाचार**

## सेयर बजार बढ्यो,कारोबार रकम घट्यो



**पाल्पा,** असोज २०/मंगलबार सेयर बजारमा सुधार देखिएको छ । नेप्से परिसूचक ११ दशमलव ९६ अंकले बढेर २५७८ दशमलव ७३ विन्दुमा उक्लिएको छ । अघिल्लो दिन सोमबार नेप्से परिसूचक २० दशमलव ४८ अंकले घटेर २५६६ दशमलव ७६ विन्दुमा अडिएको थियो । सो दिन ३ अर्ब २७ करोड मूल्यको सेयर कारोबार भएको थियो ।

बुधबार नेप्से परिसूचक बढे पनि कारोबार रकममा भने सोमबारको तुलनामा कमी आएको छ । ३५९ वटा स्क्रिप्सको ८९ लाख ५५ हजार २३० कित्ता सेयर ३ अर्ब १३ करोड ८१ लाख १९ हजार ५२८ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये १६९ वटा स्टक्सको मूल्य बढ्दा ९५ वटाको घट्यो । बाँकी १५ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । नेप्से दोहोरो अंकले बढे पनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन । त्रिशूली जलविद्युत कम्पनीको सेयर सर्वाधिक ५ दशमलव ११ प्रतिशतले बढ्यो । २३ करोड मूल्य बराबरको कारोबार गरी घलेमादी हाइड्रोपावर शीर्षस्थानमा रह्यो । लिवर्टी इनर्जीले १३ करोडको कारोबार गर्दा हिमाल दोलखा हाइड्रोपावरले ९ करोड,लक्ष्मी सनराइज बैंक र पिपुल्स हाइड्रोपावरले ८/८ करोडको सेयर कारोबार गरे । यसदिन दुई समूहको उपसूचकबाहेक अरु बाँकी समूहको उपसूचक सकारात्मक देखिए ।


**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 184756 X का Sub/H/Lt./Capt. अम्बर बहादुर थापा (ना.प्र.मा अम्बर बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा जयसरा देवी (Jaisara Devi) र जन्म मिति सन् १९६३ नोभेम्वर ८ (वि.स.२०२०/०७/२२) र नेपाली नागरिकता प्रमाणपत्रमा जय सरा थापा (Jaya Sara Thapa), जन्म मिति वि.स. २०१७/११/१२ (सन् १९६१ फेब्रुअरी २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक फोक्सिङ्गकोट गा.वि.स.-२,रानीवास हाल रम्भा गाउँपालिका-२ निवासी भारतिय भू.पू.सैनिक नं. 5240302 N का NK/TS हिरा सिंह थापा (ना.प्र.मा हिरा सिं सोमै मगर) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा ठनी सरा मगर्नी र जन्म मिति सन् १९५३ सेप्टेम्वर ७ (वि.स.२०१०/०५/२२) र नेपाली नागरिकता प्रमाणपत्रमा ठनी सरा सोमै, जन्म मिति वि.स. २०१०/०५/२२ (सन् १९५३ सेप्टेम्वर ७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०८३/०६/२० गते)*

नेपाल नेत्र ज्योति संघ/पाल्पा लायन्स लाकौल आँखा अस्पतालको लागि देहाय बमोजिमको करारमा कर्मचारी आवश्यकता परेकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १० दिन भित्र दरखास्त आह्वान गर्दछौ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| १ | ०१-२०८३/८४ | ल्याब असिस्टेन्ट (Lab Assistant) | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्युनतम TSLC Level in Medical Laboratory उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

बिस्तृत जानकारी अस्पतालको सूचना बोर्डमा टाँस गरिएको छ ।

पदपूर्ति समिति
पाल्पा लायन्स लाकौल आँखा अस्पताल
तानसेन, पाल्पा
इमेल:-plleh@lei.org.np, फोन नं.:-०७५-५२०३३३

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई